# मधेशमा पैदल अनुसन्धान सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा पैदल अनुसन्धान नामक किताब सार्वजनिक भएको छ ।

मार्टिन चौतारीद्वारा प्रकाशन गरिएको सो किताबको शुक्रबार मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल, उपसभामुख बबिता राउत इसर, प्रदेश सचिव नुरहरि खतिवडा र ठाकुर राम बहुमुखी क्याम्पसका प्राध्यापक डा. विष्णुदेव लाल दासले संयुक्त रुपमा किताबको लोकार्पण गरेका छन् ।

किताबको सम्पदन सोहन प्रसाद साह र देवराज हुमागाईले गरेका छन् । कितावमा १२ वटा मधेशको अनुसन्धानमूलक आलेख समेटिएको छ । कितावलाई पाँच वटा खण्डमा विभाजन गरिएको छ । विभेदको सामाजिक तथा सांस्कृतिक आयाम खण्डमा दुई वटा लेखलाई समेटिएको छ । डा. गोपाल ठाकुरद्वारा लिखित मधेश प्रदेशमा सोइत र सोलकन, बीपी साह लेखक रहेको विभेदको अर्को गाउँ : नयाँ मिडियामा मधेशी समुदाय विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति शीर्षकको आलेख रहेका छन् ।



यस्तै, खण्ड दुईमा संघ र प्रदेशमा सुशासन बारे विमर्श समावेश गरिएको छ । यस खण्डमा पूर्व प्रदेश सांसद मंजु यादवले लेखेको मधेश प्रदेश सभाका विषयगत समितिहरुको कार्यशैली र प्रभावकारिता, पत्रकार सुरेन्द्र कामतीको संसदीय कोषमा देखिएको बेथिति र यसको प्रभाव,कुसुमलता तिवारीको सशक्तिकरणका लागि साइकल : मधेशमा 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम बारेको आलेख रहेको छ ।

खण्ड तीनमा भू-स्वामित्वका समस्यालाई उजागर गरिएको छ । ओमप्रकाश रामको दलित भूमिहीनता किन/कसरी, रंजित कनौजिया महोत्तरीको गौशाला नगरपालिकामा भूमि सम्बन्धी समस्या बारे चर्चा गरिएको छ ।

यस्तै, खण्ड चारमा नागरिक र जनप्रतिनिधिका संघर्षको गाथा राखिएको छ । यस खण्डमा पूर्व जनप्रतिनिधि सल्मा खातुनको पहिलो पाइला : स्थानीय सरकारमा एक महिला जनप्रतिनिधिको अनुभव, देवनारायण मण्डलको धनुषाधाम वन संरक्षणका लागि गरिएको संघर्ष, जितेन्द्र कुमार कुशवाहाको राज्य विहीन हुँदाका पीडा र संघर्षका कथाहरु समेटिएको छ ।

पाँचौं खण्डमा गुन्जन रायको बलात्कार घटनाका पीडितले भोग्नुपर्ने कहर र न्यायिक प्रकृयाका जटिलता, पत्रकार सविन खनालको चुरे भावरको राजनीति : हत्याबाट सुरु, हत्यामै अन्त्य शीर्षकको विषयवस्तु समेटिएको छ ।